Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

राष्ट्रिय अभिलेखालय



राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

नेपाल

टेलिफोन नं. ०१-४२००८४६, ०१-४२००८५६

फ्याक्स नं.: ०१-४२००८४५

नोटिस बोर्ड नं. १६१८०१४२६४३५३

Website: www.narchievs.gov.np

Email: mail@narchives.gov.np

Kirtikant Sharma Collection, Najafgarh

In Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE-G

परिचय

राष्ट्रिय अभिलेखालय राष्ट्रिय महत्त्वका अभिलेखहरूको संकलन, संरक्षण र व्यवस्थापन गर्ने देशकै एकमात्र सार्वजनिक निकाय हो । मल्लकालदेखि राजदरबारका विभिन्न स्थानमा राखिएका हस्तलिखित पाण्डुलिपिको संरक्षण हनुमानढोका दरबार, थापाथली दरबार हुँदै वीर पुस्तकालयमा भएको थियो । यसरी संकलन तथा व्यवस्थापन गरिएका पाण्डुलिपिहरूको अनुसन्धान र प्रकाशन प्रयास अगाडि बढाउनको लागि राजपरिवारले पुस्तकालय खडा गरी व्यवस्थित रूपमा भण्डारण गरेका थिए । सोही पुस्तकालयको विकसित रूप नै हालको राष्ट्रिय अभिलेखालय हो ।

पाण्डुलिपि र ऐतिहासिक कागजातहरूको संरक्षण तथा व्यवस्थापन गर्नको लागि वि.सं. २०२४ सालमा राष्ट्रिय अभिलेखालयको स्थापना भएको थियो । तत्कालीन शिक्षा मन्त्रालय अन्तर्गतको पुरातत्त्व विभाग मातहत एउटा कार्यालयको रूपमा राष्ट्रिय अभिलेखालयको स्थापना गरिएको थियो । हाल यो संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विभाग स्तरीय निकायको रूपमा रहेको छ । राष्ट्रिय अभिलेखालयले अभिलेख संरक्षण ऐन २०४६, अभिलेख संरक्षण नियमावली २०६३ र राष्ट्रिय संस्कृति नीति २०६३ को अधिनमा रही दैनिक प्रशासनिक तथा संकलित अभिलेखको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यसञ्चालन गरिरहेको छ ।

राष्ट्रिय अभिलेखालय अभिलेखहरूको प्रभावकारी व्यवस्थापन, संरक्षण तथा सहयोग प्रवर्धनका लागि स्थापित अन्तर्राष्ट्रिय गैह–सरकारी संस्था International Council on Archives (ICA) र यसको दक्षिण तथा पश्चिम एसियाली क्षेत्रीय संगठन South and West Asian Regional Branch of the International Council on Archives (SWARBICA) को सदस्य पनि रहेको छ ।

राष्ट्रिय अभिलेखालयमा मुख्यगरी दुई ओटा शाखाहरू रहेका छन्: अभिलेख शाखा र माइक्रोफिल्म तथा विद्युतीय रेकर्ड व्यवस्थापन शाखा । अभिलेख शाखा अन्तर्गत पाँच ओटा उपशाखाहरू रहेका छन्- अभिलेख, हस्तलिखित, तिब्बती, पुस्तकालय र संरक्षण उपशाखा ।

अभिलेख शाखाले अभिलेखसम्बन्धी कागजातहरूको प्राप्ति, भण्डारण, संरक्षण, व्यवस्थापन र प्रकाशन गर्ने कार्य गर्दछ । माइक्रोफिल्म तथा विद्युतीय रेकर्ड व्यवस्थापन शाखाले माइक्रोफिल्मिङ, डिजिटाइजिङ र अभिलेखहरू पुन: उत्पादन गर्नुका साथै विद्युतीय अभिलेखहरू संग्रह, भण्डारण, संरक्षण तथा व्यवस्थापन गर्ने र सेवाग्राहीहरूलाई अध्ययन तथा प्रतिलिपिको सुविधा उपलब्ध गराउने कार्य गर्दछ ।

राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार:

- विभिन्न कार्यालय/व्यक्तिहरूबाट प्राप्त पच्चीस वर्ष वा सो भन्दा पुराना (हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, सन्धि, सम्झौता, पत्र-पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर,

Kirtikant Sharma Collection, Najafgarh

In Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE-G

नक्सा, योजना, चार्ट, फाईल, मिसिल, रजिष्टर वा कुनै प्रकाशन, फिल्म, माइक्रोफिल्म, ध्वनि रेकर्ड, चलचित्र, कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटको मूलप्रति वा प्रतिलिपि तथा ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्त्वका कागजात) कागजात दर्ता गर्ने।

- अभिलेखहरू व्यवस्थित एवम् सुरक्षित तरिकाले राख्ने।
- अभिलेखहरू तोकिएबमोजिम वर्गीकरण गरी सोको सूची तयार गर्ने।
- आवश्यकता अनुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने।
- [illegible] व्यक्तिलाई अभिलेख हेर्न वा सार्न दिने वा प्रतिलिपि दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने।

[illegible]लित तरिकाले कागजात राख्ने सम्बन्धमा कार्यालयलाई [illegible]क परामर्श दिने।

- [illegible] अभिलेखालयको लागि उपयोगी हुने कुनै कागजात प्राप्त गर्ने वा प्रचलित कानुन बमोजिम खरिद गर्ने।
- अभिलेखको माइक्रोफिल्म बनाउने।
- अभिलेख प्रकाशन गर्न कसैले माग गरेमा शर्त तोकी स्वीकृति दिने।
- कागजात संकलन तथा संरक्षण गर्ने सम्बन्धमा जनचेतना अभिवृद्धि गराउने।

संकलन:

राष्ट्रिय अभिलेखालयको संकलनमा विश्वमा नै दुर्लभ मानिएका पाँचौं शताब्दीदेखिका विविध सामग्रीमा लेखिएका हस्तलिखित ग्रन्थ सहित लगभग पचास हजार अभिलेखका मूलप्रतिहरू व्यवस्थित रूपमा भण्डारण गरिएका छन्। ती मध्ये करिब पैंतीस हजार पाण्डुलिपिहरू नेपाली परम्परागत कागज, ताडपत्र, भोजपत्र र विभिन्न प्रकारका रङ लेपित नेपाली कागजमा सुन वा चाँदीको मसीले लेखिएका छन्।

विष्णुधर्म रञ्जना लिपि नीलपत्रमा लेखिएको हस्तलिखित ग्रन्थ

एक सय भन्दा बढी हस्तलिखित ग्रन्थका पत्रहरूमा एवं काठको गाताका अग्र तथा पृष्ठभागमा लघुचित्रहरू (Miniature Paintings) कोरिएका छन्।

यसरी संरक्षित ग्रन्थहरू संस्कृत, नेवारी, नेपाली, तिब्बती, मैथिली, हिन्दी र अवधी भाषा तथा लिपिमा लेखिएका छन्। यस्ता हस्तलिखित ग्रन्थहरूले किंवदन्ती र मिथक, नैतिक कथा, नाटक, वेद, ज्योतिषशास्त्र, चिकित्सा, योग, दर्शन, धर्म, कला, वास्तुकला, कानुन, साहित्य र ऐतिहासिक कागजातहरू जस्ता विधाको विस्तृत विषयहरूलाई समेटेका छन्। यसका अतिरिक्त अभिलेखालयको संकलनमा थ्यासफु, बेरिएको पुस्तक र सिलाइएको पुस्तक आदि रहेका छन्।

Kirtikant Sharma Collection, Najafgarh

Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-Mol

भण्डारण कक्ष

तलिखित ग्रन्थ

ष्ट्रिय अभिलेखालयको संकलनमा रहेका विभिन्न दुर्लभ हस्तलिखित न्थहरूमध्ये ताडपत्रमा लेखिएका पाण्डुलिपिहरू रहेका छन्। तीं मध्ये भन्दा पुरानो दशभूमिश्वरसूत्र



दशभूमिश्वरसूत्र

जसलाई पाँचौ शताब्दीको मानिएको छ। सन् २०१३ मा UNESCO को Memory of the world Heritage मा सूचीकृत भएको *निश्वासतत्त्वसंहिता* लिच्छवी लिपिमा लेखिएको नवौं शताब्दीको तान्त्रिक परम्पराको सबैभन्दा पुरानो शैवतन्त्र सम्बन्धी पाण्डुलिपि हो। त्यसैगरी अन्य हस्तलिखित ग्रन्थहरूमा आठौं शताब्दीको लिच्छवी लिपि ताडपत्रमा लेखिएको संस्कृत बौद्धधर्मग्रन्थ *सद्धर्मपुण्डरिकसूत्र*, आठौं शताब्दीकै बौद्धधर्मको पाली भाषामा लिखित *विनय-पीटक*, सन् ८१० मा लेखिएको स्कन्दपुराणको अम्बिका खण्ड,



स्कन्दपुराणको अम्बिकाखण्ड इ. सं. ८१०

ने.सं. २८ को लंकावतार, १० औं शताब्दीको लिच्छवी लिपिमा लेखिएको *कारण्डव्युहसूत्र*, रञ्जना लिपिमा लिखिएको विष्णुधर्म (ने.सं. २४०) विश्वकै दुर्लभ हस्तलिखित ग्रन्थहरू हुन्। संकलित हस्तलिखित ग्रन्थहरूमध्ये एसियाकै पुरानो वैधानिक कानुन मानिने नारदसंहिता (*मानवधर्म न्यायशास्त्र*) लाई न्यायविकासिनी पनि भनिन्छ। सन् १३८० मा राजा जयस्थिति मल्लद्वारा जारी गरिएको सबैभन्दा पुरानो लिखित कानुनी संहिता भनी यो ग्रन्थलाई मानिएको छ।



नारदसंहिताको न्यायविकासिनीको ताडपत्र

Kirtikant Sharma Collection, Najafgarh

n Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE-

तिब्बती

राष्ट्रिय अभिलेखालयमा इतिहास, संस्कृति, धार्मिक अनुष्ठान, वास्तु, ज्योतिष, दर्शनशास्त्र र चिकित्सा आदिसँग सम्बन्धित ११औं शताब्दीदेखिका करिब बीस हजार तिब्बती पाण्डुलिपिहरू र काठेछापा अभिलेखहरू संकलित छन् । यी ग्रन्थबाहेक नेपाल र भोटका बीचमा गरिएका चिठीपत्रहरू, सन्धिहरू लगायत महत्त्वपूर्ण ऐतिहासिक दस्तावेजहरू संकलित छन् । नेपाली राजकुमारी भृकुटीको तिब्बती सम्राट श्रोङ्चन गाम्पोसँगको विवाहको प्रसङ्ग जोडिएको मणि काबुम ग्रन्थ पनि यहाँ सुरक्षित रहेको छ । यसबाहेक यहाँ १५ औं शताब्दीको तिब्बती भाषाको पहिलो जाइलोग्राफ (काठेछापा)पद्धतिबाट छापिएका ग्रन्थहरूको संग्रह पनि छ । प्रसिद्ध तिब्बती लामाले नेवारी (भुजिमोल) र तिब्बती लिपिहरूमा लेखिएका संस्कृत र तिब्बती भाषाका द्विभाषी अक्षरहरू पनि यहाँ रहेका छन् । १५ औं शताब्दीमा तिब्बतबाट थ्रिमखाङ लोत्सावाले नेपालमा बसेका पण्डित वनरत्नलाई संस्कृत भाषा भुजिमोल र भोट लिपिमा एकसाथ लेखिएका पत्रहरू सङ्कलनमा रहेका छन् । पद्मसम्भवको जीवनी लेखिएको काथाङ् साङ्लिङ्का डिङ्पो नामक ग्रन्थसहित विश्वमै दुर्लभ मानिएका विभिन्न विषयका करिब २०० भन्दा बढी तिब्बती ग्रन्थहरू संकलनमा रहेका छन् ।

अभिलेख

स्यामोहर



ताम्रपत्र

अभिलेखालयमा संकलित सार्वजनिक रेकर्डहरूमा लालमोहर, स्यामोहर, ताम्रपत्र, खड्गनिशाना (एकछापे, दुईछापे) ऐतिहासिक कागजात, शाही आदेश र सरकारद्वारा विभिन्न समयमा जारी गरिएका आदेश, सन्धिका साथै विभिन्न ऐतिहासिक पत्रहरू छन् । वि.सं. २०७२ सालमा जारी गरिएको संविधानको मूलप्रति, विभिन्न समयमा सम्पन्न भएका निर्वाचनका मतदाता नामावली, कुमारीचोकका कागजात, निजामती किताबखानाका रेकर्ड, शिलालेखका नक्कल प्रतिहरू, परराष्ट्र तथा कानुन मन्त्रालयबाट प्राप्त कागजातका सक्कल प्रतिहरू यहाँ संकलनमा रहेका छन् । गोरखापत्र र द राइजिङ नेपाल पत्रिकाको स्थापनाकालदेखि हालसम्मका अङ्कहरू यहाँ सुरक्षित रूपमा भण्डारण गरिएका छन् ।

Kirtikant Sharma Collection, Najafgarh

In Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE-G

माइक्रोफिल्म तथा विद्युतीय रेकर्ड व्यवस्थापन शाखा

मूलप्रति बाहेक विद्युतीय अभिलेखहरूको ठूलो संकलन राष्ट्रिय अभिलेखालयमा सुरक्षित गरिएको छ।

माइक्रोफिल्म भण्डारण कक्ष

फोटोग्राफिक प्रविधिबाट दश हजार माइक्रोफिल्म रोलहरूमा छवीकृत दुई लाख पाण्डुलिपि तथा कागजातका लगभग साठी लाख पन्नाहरूको ठूलो संग्रह पनि यस अभिलेखालयमा सुरक्षित छ।



डिजिटाइजेशन कक्ष

यी सम्पूर्ण माइक्रोफिल्महरूलाई डिजिटल ढाँचामा रूपान्तरण गर्ने काम भइरहेको छ। डिजिटल अभिलेखहरूलाई राष्ट्रिय अभिलेखालय लगायत अन्य स्थानहरूमा पनि सुरक्षित भण्डारण गरिएको छ।

संरक्षण

अभिलेखालयमा संकलित कागजातहरूको रासायनिक तथा भौतिक संरक्षण गरी सुरक्षित रूपमा भण्डारण गर्नका लागि संरक्षण प्रयोगशालाको व्यवस्था गरिएको छ। यो संरक्षण प्रयोगशालामा अभिलेखहरूको फ्युमिगेसन, लेमिनेसन, मर्मत, बाइन्डिङ कार्य सम्पन्न गरी नन एसिटिक बक्समा प्याकेजिङ गर्ने काम गरिन्छ।

पुस्तकालय

राष्ट्रिय अभिलेखालयमा हस्तलिखित पाण्डुलिपिका अतिरिक्त दुर्लभ मुद्रित किताबहरूको संकलन गरी पुस्तकालयमा व्यवस्थित रूपमा राखिएको छ। पुस्तकालयमा इतिहास, संस्कृति, नेपाली, अङ्ग्रेजी, हिन्दी र संस्कृत विषयका करिब २०,००० पुस्तकहरू रहेका छन्।

Kirtikant Sharma Collection, Najafgarh

In Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-MoE-G



पुस्तकालय शाखा

संकलित किताबहरू अध्ययन गर्न इच्छुक पाठकहरूका लागि उपलब्ध गराउने कार्य यस शाखाले गर्दछ।

प्रकाशनहरू

राष्ट्रिय अभिलेखालयले दैनिक रूपमा सम्पादन गर्ने कार्यहरूमध्ये अभिलेखालयमा संकलित अभिलेखहरूको प्रकाशन मुख्य रहेको छ। अभिलेखालयले आफ्नो स्थापनाकालदेखि नै प्रकाशनका कार्यलाई निरन्तरता दिँदै आइरहेको छ। विश्वले नै गौरव गरेका यहाँका हस्तलिखित पाण्डुलिपिको देश तथा विदेशमा प्रचार गर्ने उद्देश्यका साथ विभिन्न लिपि तथा भाषामा संकलित पाण्डुलिपिलाई लिप्यन्तर तथा भाषान्तर गरी प्रकाशन गर्ने कार्य यस कार्यालयले गरिरहेको छ। यसका अलावा हस्तलिखित ग्रन्थको गातामा रहेका दुर्लभ लघुचित्रहरू संकलन गरी प्रकाशन गरिएको छ।

अभिलेखालयका प्रकाशनहरू

यहाँ प्रकाशित विविध सामग्रीहरूमध्ये केही प्रकाशनहरू वीर पुस्तकालयको समयदेखिका छन्। प्रकाशित किताबहरूमध्ये मुख्यरूपमा हस्तलिखित ग्रन्थ र सूचीपत्रहरू रहेका छन्। यसका अतिरिक्त लिपि विकास तालिका, आयुर्वेद, पुराण, ज्योतिष, तन्त्र, कथा, धर्मशास्त्र लगायत विषयका पाण्डुलिपिको सम्पादन गरी प्रकाशन गरिएको छ। प्रकाशित पुस्तकहरू अभिलेखालयको बिक्री कक्षमा रहेका छन्। यसका साथै यस कार्यालयले अभिलेख पत्रिकालाई वार्षिक मुखपत्रका रूपमा प्रकाशित गर्ने गरेको छ। यो पत्रिका अभिलेखसँग सम्बद्ध विभिन्न अनुसन्धानमा संलग्न संस्था र अनुसन्धाताद्वारा सम्पन्न गरिएका कार्यहरूको जानकारीको प्रमुख स्रोत हो। यी प्रकाशनहरूले राष्ट्रिय अभिलेखालयमा राखिएका कागजातहरूको बारेमा खोजी गर्ने अनुसन्धाताहरूलाई अनुसन्धान कार्यमा सहयोग पुर्याउनुका साथै त्यस्ता कागजातहरू सुरक्षित गर्न आवश्यक जनचेतना फैलाउन धेरै महत्त्वपूर्ण सहयोग गरेको छ।

Kirtikant Sharma Collection, Najafgarh

Public Domain. Digitization by eGangotri/Sarayu Trust. Funding IKS-Mo

भावी योजना

राष्ट्रिय अभिलेखालयले आफ्नो कार्यक्षेत्रलाई अझ विस्तृत तथा व्यापक बनाउँदै यसलाई सम्पूर्ण ऐतिहासिक तथा सार्वजनिक रेकर्ड वा अभिलेखहरूको संकलन तथा भण्डारणको मूल थलो वा केन्द्रको रूपमा रहने गरी Documentation Center, अध्ययन अनुसन्धानकर्ताहरूले विभिन्न विषय, विधा वा क्षेत्रका कागजातहरू अध्ययन गर्न सक्ने गरी Research Center, सरकारी/अर्ध-सरकारी निकाय वा नीजि संकलनमा रहेका अभिलेखहरूको रासायनिक, भौतिक संरक्षण, गुणस्तरिय प्रतिलिपिहरू उत्पादन गर्ने लगायतका संरक्षणका सम्पूर्ण कार्यहरू गर्ने Conservation Center, डिजिटल अभिलेखहरूको गुणस्तर, आधिकारिकता, सुरक्षित भण्डारण तथा व्यवस्थापन गर्ने गरी Digital Archives/Data Center तथा Training Center को रूपमा विकास गर्ने लक्ष्य लिएको छ।

सेवाहरू

अभिलेख सार्न वा प्रतिलिपि लिन लाग्ने दस्तुर:

सेवाको प्रकार	इकाई	स्वदेशीका लागि रु.		विदेशीका लागि रु.	
		राजश्व दस्तुर	लागत दस्तुर	राजश्व दस्तुर	लागत दस्तुर
अभिलेख सार्न (लिप्यन्तर र भाषान्तर गर्न)	प्रति पृष्ठ	५०।	१००।	१००।	१००।
अभिलेखको प्रतिलिपि लिन					
१. पोजेटीभ माइक्रोफिल्मबाट	प्रति फिट	-	३०।	-	५५।
	प्रति पृष्ठ	१५।	-	२५।	-
२. माइक्रोफिल्म रिडर प्रिन्टबाट	प्रति पृष्ठ	१५।	२०।	२५।	३५।
३. डिजिटल फोटो क्यामेराबाट	प्रति स्न्याप	१५।	६०।	२५।	१००।
४. फोटोकपीबाट (मुद्रित र माइक्रोफिल्म नभएका अन्य कागजात मात्र)	प्रति पृष्ठ	१०।	५।	२०।	१५।

कार्यालय पुग्ने नक्सा:

Kirtikant Sharma Collection, Najafgarh